मिति :२०७७।०७।२४

## प्रेस विज्ञप्ती

नेपाल सरकारको मिति २०७७।०७।२० को निर्णय अनुसार सबै तहको सरकारी कार्यालयहरुको सार्वजनिक कोषको खर्चमा वित्तीय पारदर्शिता र जवाफदेहिता साथै विधुत्तीय सुशासन कायम गरि सेवा प्रवाहमा चुस्तता, गुणस्तरीयता र प्रभावकारिता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले विकास गरेको खर्च लेखाकंन तथा प्रतिवेदनको लागि क्रियाकलापमा आधारित बिधुत्तीय सरकारी लेखाकंन प्रणाली (Computerize Government Accounting System-CGAS) संघ र प्रदेश सरकार अन्तर्गतका सबै सरकारी कार्यालयहरुमा आर्थिक वर्ष २०७७/०७८ देखि अनिवार्य रुपमा लागु भएको छ।

यसैगरी सोहि मितिको नेपाल सरकारको निर्णयले सार्वजनिक सम्पत्तीको लेखाकंन, प्रतिवेदन र एकिकृत विवरण तयार गर्न संघ र प्रदेशका सबै सरकारी कार्यालयहरु एवं सबै स्थानीय तहमा सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (Public Asset Management System-PAMS) आर्थिक वर्ष २०७७/०७८ देखि अनिवार्य रुपमा लागु भएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

महालेखा नियन्त्रक कार्यालयबाट नेपाल सरकारको उपरोक्त निर्णय कार्यन्यवनको लागि सम्वन्धित सबैमा आवश्यक जानकारी र पत्राचार भएको छ। प्रणाली संचालन सम्वन्धमा आवश्यक संचालन निर्देशिका लगायतका अन्य सबै व्यवस्था समेत महालेखा नियन्त्रक कार्यालयबाट मिलाईएको व्यहोरा अनुरोध छ।

प्रवक्ता

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं